# संघीय संसद
# प्रतिनिधि सभा
## छैटौं अधिवेशन
## बैठक संख्या - २१

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीले जवाफ दिने क्रममा सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीले स्पष्ट पार्नुभयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री रंगमती शाही
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दुर्गा पौडेल
५. मा० श्री प्रकाशमान सिंह
६. मा० श्री गगन कुमार थापा
७. मा० श्री बालकृष्ण खांण
८. मा० श्री उमा रेग्मी
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री सञ्जय कुमार गौतम
११. मा० श्री देवप्रसाद तिमलसेना
१२. मा० श्री प्रदिप यादव
१३. मा० श्री महेन्द्रकुमारी लिम्बु
१४. मा० श्री राजेन्द्रप्रसाद लिङदेन
१५. मा० श्री उमाकान्त चौधरी
१६. मा० श्री दिलेन्द्रप्रसाद बडू
१७. मा० श्री सरिता गिरी
१८. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१९. मा० श्री राजेन्द्र कुमार के.सी.
२०. मा० श्री लक्ष्मी परियार

तत्पश्चात सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७७" माथिको विभिन्न शिर्षकहरुमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि विनियोजन विधेयक, २०७७ अर्न्तगत विभिन्न मन्त्रालयका विभिन्न शीर्षकहरुमाथि निम्नलिखित मा० सदस्यहरुले आफुले पेश गर्नुभएको खर्च कटौतीको प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावहरुलाई क्रमश: निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

(१) मा० श्री दुर्गा पौडेल
(२) मा० श्री पुष्पा भुसाल (गौतम)
(३) मा० श्री प्रेम सुवाल
(४) मा० श्री उमा रेग्मी
(५) मा० श्री सञ्जय कुमार गौतम
(६) मा० श्री उमाकान्त चौधरी
(७) मा० श्री लक्ष्मी परियार
(८) मा० श्री सुजाता परियार
(९) मा० श्री रंगमती शाही
(१०) मा० श्री मिनेन्द्र प्रसाद रिजाल
(११) मा० श्री प्रदिप यादव
(१२) मा० श्री बहादुर सिंह लामा (तामाङ)
(१३) मा० श्री रामबाबु कुमार यादव
(१४) मा० श्री डिला सँग्रौला (पंत)
(१५) मा० श्री राजेन्द्र कुमार के.सी.
(१६) मा० श्री देवेन्द्रराज कंडेल
(१७) मा० श्री मिनबहादुर विश्वकर्म
(१८) मा० श्री पार्वता डि.सी. (चौधरी)
(१९) मा० श्री पद्मनारायण चौधरी (थारु)
(२०) मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
(२१) मा० श्री गगन कुमार थापा
(२२) मा० श्री अतहर कमाल मुसलमान
(२३) मा० डा० नारायण खड्का
(२४) मा० श्री दिलेन्द्र प्रसाद बडू
(२५) मा० श्री भिमसेन दास प्रधान
(२६) मा० श्री प्रकाशमान सिंह

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १० सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनहुँदै "विनियोजन विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "विनियोजन विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री भरतकुमार शाह
४. मा० श्री सञ्जय कुमार गौतम
५. मा० श्री गोपालबहादुर बम
६. मा० श्री देवेन्द्रराज कंडेल
७. मा० श्री गगन कुमार थापा
८. मा० श्री पार्वता डि.सी. (चौधरी)
९. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१०. मा० श्री अतहरकमाल मुसलमान

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (३) बमोजिम "आर्थिक विधेयक, २०७७" माथिको दफावार छलफलको लागि २०७७ साल जेठ ३२ गते आइतबार व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री गगन कुमार थापा
४. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
५. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
६. मा० श्री भरत कुमार शाह
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रामबाबु कुमार यादव
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री दुर्गा पौडेल

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री मिनेन्द्रप्रसाद रिजाल

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भिमबहादुर रावल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री रामबाबु कुमार यादव

तदुपरान्त मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य मेघराज नेपाली (निषाद)को निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा तत्कालिन मधेश समता पार्टी नेपालबाट समानुपातिक तर्फ निर्वाचित सदस्य, नेपाली वाम आन्दोलनका योद्धा तथा पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मेघराज नेपाली (निषाद)को मिति २०७७ साल जेठ २७ गते मंगलबार ६० वर्षको उमेरमा विरगंजस्थित नेशनल मेडिकल कलेजमा उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

तदुपरान्त सभाले स्वर्गीय मेघराज नेपाली (निषाद)को निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर बैठक २०७७ साल जेठ ३१ गते शनिबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव